'समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८१/०९/०३ बैठक संख्याः ५७

बैठक प्रारम्भ समयः दिनको ११:०० बजे बैठक समापन समयः बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. खाँदबारी नगरक्षेत्रभित्रका संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका विभिन्न घाटहरुबाट आ. व. २०८१/८२ मा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् सम्बन्धमा नियमानुसार ठेक्काको लागि तीन पटकसम्म सार्वजनिक सूचना प्रकाशन गरी ठेक्का आह्वान गर्दा समेत सबै घाटहरुमा ठेक्का नपरेको भनी सम्बन्धित शाखाबाट पेश भई आएको हुँदा आवेदन पेश भएको घाटहरुको हकमा नियमानुसार मूल्याङ्कन प्रकृया पूरा गरी ठेक्का सम्झौता प्रकृया अगाडि बढाउने र एउटा पनि आवेदन पेश नभएको घाटहरुको हकमा पुनः ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

२. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ बमोजिमको व्यवस्था अनुसार यस नगरपालिकामा कर्मचारी तहबृद्धिसम्बन्धी कार्यको लागि अध्ययन गरी ७ (सात) दिनभित्र सुझाव पेश गर्न देहाय अनुसार कार्यदल गठन गर्ने र उक्त कार्यदलले समयावधिभित्र नगरप्रमुखज्यू समक्ष प्रतिवेदन पेश गर्ने ।

**देहायः**

| | |
|---|---|
| नगर उपप्रमुख श्री महेश्वरा श्रेष्ठ बज्राचार्य | - संयोजक |
| कार्यपालिका सदस्य श्री देवबहादुर पुवाँरमगर | - सदस्य |
| कार्यपालिका सदस्य श्री अर्जुन तामाङ | - सदस्य |
| कार्यपालिका सदस्य श्री विमलराज गौतम | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री भक्तबहादुर खड्का | - सदस्य सचिव |

३. खाँदबारी नगरपालिका वडा नं. १ स्थित खाँदबारी बसपार्क सञ्चालन सम्बन्धमा मिति २०८१/०६/२१ मा बार्षिक न्यूनतम कबोल अङ्क रु. ८,००,०००।- कायम गरी बढाबढमा बोलकबोलको लागि सार्वजनिक सूचना प्रकाशन भएकोमा दोश्रो पटक सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कुनैपनि बोलकबोल पेश नभएको हुँदा न्यूनतम बार्षिक कबोल अङ्क रु. ४,००,०००।- कायम गरी बढाबढमा बोलकबोलको लागि (चालू आ. व. को हकमा दामासाहीको दरले मासिक हिसाब हुने गरी) पुनः ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

४. खाँदबारी नगरक्षेत्रभित्र सञ्चालित विभिन्न खेलकुद तथा साँस्कृतिक कार्यक्रमहरुको लागि आर्थिक सहयोग माग गरी कार्यक्रम प्रस्ताव सहित निवेदन पेश भई आएको हुँदा सो सम्बन्धमा अध्ययन गरी आर्थिक सहायता प्रदान गर्न देहाय अनुसार समिति गठन गर्ने ।

**देहायः**

नगरप्रमुख श्री महेश थपलिया - संयोजक

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक संख्याः ५७

बैठक मितिः २०८१/०९/०३

बैठक प्रारम्भ समयः दिनको ११:०० बजे बैठक समापन समयः बजे

नगर उपप्रमुख श्री महेश्वरा श्रेष्ठ बज्राचार्य -सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री भक्तबहादुर खड्का - सदस्य

५. खाँदबारी नगरक्षेत्रभित्रका देहाय अनुसारका योजनाहरुको लगत इस्टीमेटका आधारमा विस्तृत योजना प्रतिवेदन (DPR) तयार गर्नु पर्ने देखिएमा तपशिलका योजनाहरूमा विस्तृत योजना प्रतिवेदन तयार गरी आवश्यक कार्य अगाडि बढाउने ।

**देहाय :**

क. शेकाहा खेलमैदान निर्माण खाँदबारी नगरपालिका वडा नं. ४

ख. पांठा-थालेडाँडा-बर्खे सडक स्तरोन्नती खाँदबारी नगरपालिका वडा नं. ६

ग. कत्लेभञ्ज्याङदेखि त्रिवेणीधाम-गुठीटार सडक स्तरोन्नती खाँदबारि नगरपालिका वडा नं. ९

घ. तुम्लिङटार पोखरीपार्क खाँदबारी नगरपालिका वडा नं. ९

ङ. थुलुङ साँस्कृतिक समाज भवन निर्माण

६. खाँदबारी नगरपालिका वडा नं. १० मा खेलमैदान निर्माणको लागि जग्गा प्राप्ति गर्ने सम्बन्धमा नगरकार्यपालिकाको ५६ औं बैठकबाट भएको निर्णय अनुसार प्राविधिक कर्मचारीबाट स्थलगत अवलोकनको क्रममा प्राप्ति हुने जग्गाको कित्ता नं. फरक परेको भनी वडा समितिबाट निर्णयसहित पेश भएको हुँदा देहाय अनुसारको कित्ताहरुका जग्गा निःशुल्क/सशुल्क प्राप्ति गर्न नियमानुसार प्रकृया अगाडि बढाउने ।

**देहायः**

| सि.नं. | जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | साविक सित्तलपाटी गा.वि.स. वडा नं. ३ को भिम थापा/ क्षेत्रीको नाममा रहेको | ५६६ | ६८९० वर्ग मिटर | ससिम कित्ता सशुल्क |
| २ | साविक सित्तलपाटी गा.वि.स. वडा नं. ३ को भिम थापा/ क्षेत्रीको नाममा रहेको | ५६७ | ३९९० वर्ग मिटर | ससिम कित्ता निःशुल्क |
| ३ | साविक सित्तलपाटी गा.वि.स. वडा नं. ३ को भिम थापा/ क्षेत्रीको नाममा रहेको | ५६८ | ८७० वर्ग मिटर | ससिम कित्ता निःशुल्क |
| ४ | साविक सित्तलपाटी गा.वि.स. वडा नं. ३ को दुर्गादेवी ढकालको नाममा रहेको | ५५२ | ३५३० वर्ग मिटर | ससिम कित्ता निःशुल्क |

साथै खाँदबारी नगरपालिका वडा नं. ४ स्थित पांमा रङ्गशाला विस्तारको लागि जग्गा प्राप्ति गर्ने सन्दर्भमा आ. व. २०७८/७९ मा नै सम्पूर्ण प्रकृया पूरा भएको तथा बजेट अभावमा जग्गा प्राप्ति हुन नसकेकोमा चालू आ.व. मा विनियोजित बजेटबाट हाललाई साविक पांमा - ३ को कित्ता नं. १३४४ ससिम कित्ता र कित्ता नं. १३२० मध्येबाट ९२२ बर्ग मिटर जग्गा प्राप्तिसम्बन्धी प्रकृया अगाडि बढाईदिन जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने ।

खाँदबारी नगरपालिका, [illegible]
[illegible]
[illegible]
प्रमाणित

भक्त बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक संख्या: ५७

बैठक मितिः २०८१/०९/०३

बैठक प्रारम्भ समयः दिनको ११:०० बजे   बैठक समापन समयः   बजे

७. उत्तर दक्षिण कोशी सडकको खाँदबारी नगरक्षेत्रभित्रको जग्गा लगतकट्टा सम्बन्धमा २०८१ साल जेठ महिनादेखि नापी कार्यालयमा मुकाम रहने गरी जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय, मालपोत कार्यालय र यस कार्यालयबाट कर्मचारी खटाई छुट्टै डेक्स स्थापना गरी बिहान, बेलुका, बिदाको दिन लगायत लगतकट्टासम्बन्धी कामकाज लगाईएकोमा सो कार्यको हालसम्मको कार्यप्रगति हेर्दा हालसम्मको कार्यको लागी निम्नबमोजिमका कर्मचारीहरुलाई खाईपाई आएको १ महिना बराबरको शुरु तलब स्केलबमोजिमको रकम प्रोत्साहन वापत् उपलब्ध गराउने साथै सो कार्यमा परामर्श सेवा वापत् खाँदबारी नगरपालिका वडा नं. ३ निबासी श्री तारिणी घिमिरेलाई २०८१ कार्तिक १ गतेदेखि लागू हुने गरी २०८१फाल्गुण मसान्तसम्म मासिक रु. ३०,०००।- पारिश्रमिक दिने गरी सो कार्यका लागि सम्झौता गरी कामकाजमा लगाउने र २०८१ जेठ १ गतेदेखि असार २० गतेसम्मको उक्त कार्यमा खटिएका सम्पूर्ण कर्मचारीको खाजानास्ता वापत्को रकम यसभन्दा पहिला नै भुक्तानी गरिसकिएको हुँदा २०८१ साल श्रावण १ गतेदेखि २०८१ मंसिर मसान्तसम्म तपशिलका कर्मचारीहरुले खाएको खानाखाजा वापत् शोधभर्ना माग भएको रकम रु. २,७०,१५०।- भुक्तानी दिने। यस कार्य वापत् आकर्षित हुने रकम नगरसभाबाट सडकको लगतकट्टा शिर्षकमा बिनियोजन भएको रकमबाट भुक्तानी दिने।

तपशिल

सहायक प्र.जि.अ. श्री मोहनमणी घिमिरे

मालपोत कार्यालय प्रमुख श्री चेतनाथ पराजुली

मालपोत कार्यालयका कम्प्युटर अपरेटर श्री ऐर बहादुर तामाङ्ग

नापी कार्यालय, खाँदबारीका प्रमुख श्री नबिन सुबेदी

सभेक्षक श्री आशा राई

सर्भेक्षण श्री मोहनसिंह महरा

अमिन मुना राई

का.स. समर्पणा श्रेष्ठ

८. खाँदबारी नगरपालिकालाई चालू आ. व. मा समपूरक अनुदान अन्तर्गत प्राप्त खाँदबारी नगरपालिका वडा नं. ७ स्थित खेलमैदान निर्माण र खाँदबारी नगरपालिका वडा नं. १ स्थित दुवेचौर सातकुवा सडक स्तरोन्नती योजनाको हकमा पूर्वाधार विकास शाखाबाट पेश भएको प्रत्येक योजनाको इस्टिमेट रकमबमोजिम रु. २ करोड २५ लाख मात्र (मू. अ. कर समेत) को लागत अनुमान स्वीकृत गरी ठेक्कासम्बन्धी प्रकृया अगाडि बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

९. खाँदबारी नगरपालिका वडा नं. ५ मा मिति २०८१ मंसिर १२ - १४ मा सञ्चालित अन्तर पालिका महिला भलिबल प्रतियोगितामा सहभागी नगरपालिकाको टिम तथा कार्यालयका पदाधिकारी/कर्मचारीहरुको खानाखाजा र होटलवास वापत् संलग्न बील अनुसार कार्यालयबाट भुक्तानी भएको खर्च रकम रु. ८५,५००।- अनुमोदन गर्ने साथै निम्न खेलकुद

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

भरत बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८१/०९/०३ बैठक संख्याः ५७

बैठक प्रारम्भ समयः दिनको ११:०० बजे बैठक समापन समयः बजे

प्रतियोगीताहरुमा तपशिल बमोजिमको रकम नगर सभाबाट मेला, पर्ब, जात्रा, उत्सब तथा बिबिध कार्यका लागी बिनियोजन भएको रकम शिर्षकबाट भुक्तानी दिने ।

तपशिल

क) अन्तरपालिका स्तरीय खुल्ला महिला भलिबल प्रतियोगीता सञ्चालन ब्यवस्थापन वापत ५ नं वडा खेलकुद बिकास समितिलाई रु. १ लाख प्रदान गर्ने ।

ख) नगरपालिकाको महिला भलिवल टिमको यातायात तथा सहभागीता खर्च वापत रु. १ लाख विनियोजन गर्ने ।

ग) नगरपालिकाको टीमको भलिबल जर्सी वापतको विल बमोजिमको रकम ।

घ) खेलाडी प्रोत्साहन वापत नगद पुरस्कार र सम्मान वापत रु. ६९,०००।

ङ) राष्ट्रिय युवा परिषद्सँगको सहकार्यमा वडा नं. ९ तुम्लिङ्गटारमा ७ दिने उद्यमशिलता सम्बन्धी तालिम संचालनमा सहकार्य वापत रु. पचास हजार विनियोजन गर्ने ।

च) आठौ पांमा कप पुरुष फूटबल खेल सञ्चालनको लागि लोहोरुङ क्लब पांमालाई रु. दुइ लाख रकम विनियोजन गर्ने

छ) पांठा समाज विकास तथा सेवा केन्द्र लाइ भलिबल खेल सञ्चालनका लागी रु पचास हजार रकम विनियोजन गर्ने ।

ज) तमु ल्होसारको अवसरमा सित्तलपाटी टोल विकास संस्थालाइ फूटबल खेल सञ्चालनका लागि रु. पचहत्तर हजार रकम विनियोजन गर्ने ।

झ) सनम गोपाल स्मृति खुल्ला फुटवल प्रतियोगिता सञ्चालनको लागि रु. पचास हजार विनियोजन गर्ने ।

ञ) तीनपोखरी समाज विकास क्लब फुटबल प्रतियोगिता सञ्चालनको लागि रु. एक लाख विनियोजन गर्ने ।

१०. खाँदबारी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थामा विगत् लामो समयदेखि पदाधिकारीहरु रिक्त रहेकोले खानेपानी आपुर्ति तथा कार्यालयको दैनिक कामकाज प्रभावित भएको हुँदा सो संस्थामा आवश्यक पदाधिकारी मनोनयनको लागि नगरप्रमुखज्यूलाई जिम्मेवारी दिने ।

११. खाँदबारी नगरपालिका वडा नं. ९ स्थित मनकामनाधाममा मन्दिर निर्माण गर्न यस नगरपालिकाले विगतमा गठन गरेको समितिले सन्तोषजनक काम नगरेको हुदाँ सो समितिलाई विघटन गरी नगर प्रमुख श्री महेश थपलिया अध्यक्ष रहने गरी समितिका सदस्य तथा पदाधिकारीहरु पुनर्गठन गरी कामकाजी बनाउन नगरप्रमुखज्यूलाई जिम्मेवारी दिने ।

१२. कोशी प्रदेश सरकारको सशर्त अनुदानबाट सुन्तला खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम अन्तर्गत प्राप्त बजेटबाट कार्यक्रम कार्यान्वयन गर्न कार्यविधिबमोजिम लाभग्राही छनौट तथा सिफारिस समितिले छनौट गरेका लाभग्राहीहरुको विवरण अनुमोदन गर्ने ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७८, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

भक्त बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत